# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## स्वास्थ्य शाखा

**औषधि तथा सर्जिकल सरसामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति :- २०७७/१२/०३

सुचना न. :- ०२(स्वास्थ्य)

कटारी नगरपालिका अन्तर्गत अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीहरुको लागि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न वा नि :शूल्क सेवा दिन आ.ब. २०७७/०७८ को लागि आवश्यक पर्ने औषधिहरु तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ईजाजत प्राप्त फर्म, वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपी औषधि व्यवसायी प्रमाणपत्रहरु नोटरी क्लबबाट प्रमाणीत गराई निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको वेब http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

१.शिलबन्दी बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र रु.१०००। (फिर्ता नहुने) नगदै बुझाई शिलबन्दी दरभाउपत्र फारम यसकार्यालयबाट दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले खरिद गर्न सक्ने छन् ।

२. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको ३ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भोचर वा कम्तीमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) संकलन गरी रित पूर्वक सहि छाँप तथा शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत,दाखिला गर्न सकिने छ ।कागजातहारु पेश नगरेको दरभाउपत्र दाताहरुको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।

३. खरिद हुने औषधिको म्यादको सम्बन्धमा दरभाउपत्रको specification माउल्लेख भएअनुसार हुनु पर्ने छ । specificationमा उल्लेख नभएको औषधिको म्याद उक्तऔषधिहरुको manufacturing date बाट expiry date कम्तीमा ८० प्रतिशत बांकी हुदां स्टोरमा दाखिला हुनु पर्ने छ । सो भन्दा घटि म्याद भएका औषधि तथा अन्य सामानहरु कुनै पनि हालतमा बुझिलिइने छैन । टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधीहरु समेत बुझिलिइने छैन ।

४.आफुले सप्लाई गर्ने औषधीहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादक बाट र बिदेशि कम्पनी भए National Suppliers बाट लिई पेश गर्नु पर्नेछ ।

५. औषधीहरु दरभाउपत्र फारममा उल्लेख भएबमोजिम परिमाण सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरि बुझाउनु पर्नेछ । सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधिभित्र सप्लाई गरि सक्नु पर्नेछ ।

६. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको शिलबन्दी खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम तथा नि:शुल्क स्वास्थ्य सेवाको लागी अत्यावश्यक औषधीहरु खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ । साथै उक्त शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम ठेगाना समेत उल्लेख गरि पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सहीगरि फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्नेछ । यसो नगरेको दरभाउपत्रलाई रित नपुगेको मानिने छ ।

८.औषधीको strip/blister packing मा नेपाल सरकारबाट नि:शुल्क वितरणको लागी भनि अनिवार्य छाप लगाइएको हुनु पर्नेछ ।

९.राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन दिनको १२:०० बजे भित्रआफुले खरिद गरेको दरभाउपत्र रीतपुर्वक भरी शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएको दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे सरकारी प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१०. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरि बिचमा छाडेमा वा सम्झौता बमोजिमकामको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्यादभित्र यस कार्यालयले तोकेको स्टोरमा औषधी दाखिलागर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारबाहीहुनेछ ।

११. सप्लाई हुने औषधी तथा अन्य सामानहरुको प्रत्येकको प्याकिङ्गको बाहिर production date,expiry date र batch no.उल्लेख भएको हुनुपर्नेछ ।

१२. औषधीको हकमा WHO,GMP प्रमाणित र सामग्रिहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनीहरुको हुनु पर्नेछ ।

१३. दर रेट अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यतादिइनेछ ।

१४.एक फर्मको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

१५. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंसीक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका औषधी तथा अन्य सामानहरुको परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघट भएतापनि दरभाउपत्रदाताले कबोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ ।

१६. शिलबन्दी दरभाउपत्र मूल्यांकन तथा स्वीकृतीको निर्णय आईटमवाइज दररेट वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१७. यस सूचनामाउल्लेख हुन छुटभएका कुराहरु सार्वजनिकखरिद ऐन २०६३ र सार्वजनिकखरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

तपसिल :-

| क.सं. | विवरण | ईष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा कार्यक्रमको लागि आवश्यक औषधि खरिद । | १४,००,०००-/ | ४२,०००-/ | मु.अ.कर तथा ओभर हेड सहित |

............
प्रमुख प्रशासकीय अधिकृत